१७. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा वैदेशिक रोजगार विभागमा पेश गरेको चौमासिक प्रतिवेदनको अभिलेख र रजिष्टरमा उल्लेख गरिएको अभिलेख नमिलेको।

१८. स्वास्थ्य संस्थाको वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुगमनको क्रममा माग गर्दा उपलब्ध गराउन नसकेको।

१९. स्वास्थ्य संस्थाले पुर्वस्वीकृतीको नम्बर (Lt No.) नभई स्वास्थ्य परिक्षण गराउने गरेको,

२०. सिमित स्वास्थ्य संस्थालाई मात्र मलेसियाको स्वास्थ्य परिक्षण गर्न दिई सिण्डिकेट लागु गरेको जसबाट वैदेशिक रोजगारमा जाने व्यक्तिले समयमा नै स्वास्थ्य परिक्षण गर्न नपाई लाइनमा बस्नु पर्ने, टाढाबाट आएका व्यक्तिहरु होटलमा बस्नु पर्ने, सिण्डिकेटको कारणले स्वास्थ्य परिक्षणको लागि कामदारहरुले बढी खर्च गर्नु पर्ने बाध्यता रहेको,

२१. स्वास्थ्य संस्थाहरुले कर छली गर्ने नियतले आफुहरुले मेडिकल गरेका व्यक्तिहरूको संख्या भन्दा लेखा परिक्षण प्रतिवेदनमा कम संख्या देखाउने गरेको,

२२. मेनपावर र स्वास्थ्य संस्थाको मिलेमतोमा बढी रकम असुल गर्ने नियतले कामदारहरुको पटक पटक स्वास्थ्य परिक्षण गराउने, सुरूमा स्वास्थ्य परिक्षण गरेको विल भरपाई समेत नदिने गरेको ,

२३. कार्यविधि बमोजिम स्वास्थ्य संस्थाले प्रयोगशालामा परिक्षण सम्बन्धी SOP, Internal Quality Control Assessment (IQA) र External Quality Control Assessment (EQA) को अभिलेख, Reagent खरिद गरेको अभिलेख, रेफ्रिजिरेटरको दैनिक तापक्रम मापन गरेको अभिलेख, मेसिनरी औजार मर्मत सम्भार गरेको अभिलेख, AMC(Annual Maintenance Contract) को अद्यावधिक अभिलेख नराखेको,

२४. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको स्वास्थ्य परिक्षणको लागि स्वास्थ्य संस्थामा जाँदा डाक्टरहरु नरहेको साथै स्वास्थ्य परिक्षण गर्न आउने व्यक्तिहरुको नाम मात्रै ईन्ट्री गर्ने गरेको पाईएको।

निष्कर्ष तथा कारबाही:-

सि.नं.	निष्कर्ष	कारवाही
१	नेपाल सरकार र मलेसियन सरकार विचमा भएको Recruitment, Employment and Repatriation of Workers सम्बन्धी MEMORANDUM OF UNDERSTANDING(MOU) को Appendix B मा Security Screening र Medical examination in Nepal को भुक्तानी रोजगारदाताले कामदारलाई पहिलो महिनाको तलबसंगै फिर्ता गर्नेछ भनि उल्लेख भएको छ।	यसमा कामदारले रकम फिर्ता नपाएको गुनासो समेत प्राप्त हुन आएकोले सो रकम को कसले लिएको छ सो सम्बन्धमा विस्तृत अनुसन्धान गरी श्रमीकले पाउने रकम ठगी गर्नेलाई हदै सम्मको कारबाही हुनु पर्ने।
२	वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्था सूचिकरण, नविकरण तथा अनुगमन सम्बन्धी कार्यविधी, २०७२ को परिच्छेद ३ को अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थामा कार्यविधीमा उल्लेखित कागजात र विवरण, विधि र प्रकृया तथा अनुसूची १ को मापदण्ड अनुरुप भए नभएको, वैदेशिक	यसमा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्था सूचिकरण, नविकरण तथा अनुगमन सम्बन्धी कार्यविधी, २०७२ बमोजिमको मापदण्ड पालना नगरेका

OPPO Reno12 F
26mm f/1.8 1/50s ISO80

	रोजगारमा गएका कामदारको स्वास्थ्य परिक्षण गरेको अभिलेख दुरूस्त भए नभएको, तथा संलग्न जनशक्ति उपस्थित रहे नरहेको समेत अन्य सम्बन्धित विषयमा अनुगमन तथा निरीक्षण गरिनेछ भनि स्पष्ट व्यवस्था गरिएको छ साथै ऐ. कार्यविधिको परिच्छेद ५(क) व्यवस्थापन सम्बन्धी मापदण्डमा गुनासो सुन्ने अधिकारी,गुनासो पेटिका, नागरिक वडापत्र, कर्मचारीहरूको तोकिएको पोशाक र परिचय पत्र, सफा पिउने पानि,२४ घण्टा विद्युत आपुर्ति, सफा शौचालय, निशुल्क पार्कीङ, स्वास्थ्य संस्था नियमित रुपमा संचालन, स्वास्थ्य संस्थाले नियमति रुपमा HMIS मा रिपोर्टिङ गरेको हुनु पर्ने, आफुले गरेको काम कारवाहीको विवरण ५ बर्ष सम्म राख्नु पर्ने साथै अनुसूची १ र ४ बमोजिमको मापदण्ड अनुरुप हुनु पर्ने व्यवस्था गरिएको छ।	स्वास्थ्य संस्थालाई ऐ. कार्यविधि र वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारवाही गर्ने।
३	वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्थाले लिने स्वास्थ्य परिक्षण शुल्क मिति २०८१।१२।०८ र मिति २०८२।०७।३० गते को निर्णयानुसार रू ९५००।–(नौ हजार पाचँ सय) निर्धारण गरिएकोमा सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरवाट मिति २०८२।०७।३० गते भएको निर्णय मिति २०८२।०९।०४ गते को माननीय मन्त्रीस्तरको निर्णयानुसार खारेज गरिएको र साविककै रू ६५००।– (छ हजार पाचँ सय) कायम भएको अवस्था छ।	New SOS HR Pvt. Ltd मेनपावर कम्पनि र अमिताभ बुद्द मेडिकल सेन्टरको मिलेमतोमा स्वास्थ्य परिक्षण गर्दा बढि शुल्क असुली गर्ने गरेको सम्बन्धमा जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. १० बस्ने बर्ष २२ को सचिन चौधरीले दिएको निवेदन र निज पीडित संग सोधुपुछ गरेको भिडियो फुटेज समेत यसै प्रतिवेदन साथ संलग्न गरिएको छ सो सम्बन्धमा ठगी सम्बन्धी कसूरमा थप अनुसन्धान गर्नु पर्ने।
४	फ्रि भिषा फ्रि टिकट सम्बन्धी व्यवस्था बमोजिम वैदेशिक रोजगारमा जाने कामादार को भिषा तथा टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय भएको भएतापनि म्यानपावर व्यवससायीले श्रमिक सेवा शुल्कबापत १० हजार रुपैयाँमात्र लिन पाउने व्यवस्था भए पनि अबैध रुपमा चर्को शुल्क लिने गरेका छन।	यसमा थप अनुसन्धानका लागी नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्युरोमा पठाउने।
५	BESTINET SDN.BHD मलेसिया र Macro Tech Private limited नेपाल बिच भएको सम्झौता अनुसार सन् २०२० फेब्रुअरी १३ देखि २९ सम्म जम्मा ११,८२८ जना मलेसिया रोजगारीमा जाने नेपाली कामदारले गरेको स्वास्थ्य परिक्षण तथा बायोमेट्रिक प्रणाली प्रयोग गरे बाफत ३६ वटा स्वास्थ्य संस्थाले BESTINET SDN.BHD मलेसियालाई Macro Tech Private Limited ले	Embassy of Malaysia ले नेपाल राष्ट्र बैंकलाई सिधै पत्राचार गर्न मिल्ने नमिल्ने सो को आधिकारिकताको विषय प्रष्ट पारी BMS सुरू भए देखी हाल सम्म कति जनाको स्वास्थ्य परिक्षण गरिएको छ र सो बापत कति रकम नेपालीहरूलाई ठगी मलेसिया पठाईएको छ, को कसव

OPPO Reno12 F
26mm f/1.8 1/50s ISO80

	तिर्नु पर्ने शुल्क भुक्तानी गर्न सन् २०२० जुन १६ मा Embassy of Malaysia ले नेपाल राष्ट्र बैंक बालुवाटार काठमाडौँलाई पत्राचार गरेको पत्र यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।	मिलेमतोमा यो काम सम्पन्न भएको हो, अनुसन्धानको लागी नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्युरो र सरकारी कर्मचारीहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने।
६	Embassy of Malaysia ले सन् २०१९ जुन १९ गते माईक्रोटेक प्रा.ली. का संचालक मुकुन्द भट्टराईलाई Bio-Medical System(BMS) को लागी सेवा शुल्क रू ३१६४ ।- निर्धारण गरिएको छ जसमा रू २८०० ।- मलेसियन सरकारले BMS सेवाको लागी र रू ३६४।– नेपालको मुल्य अभिवृद्दि कर (VAT) १३% हो भनि पत्राचार गरिएको पत्र प्रतिवेदन साथ संलग्न छ सो सम्बन्धमा समेत अनुसन्धान गर्नु पर्ने देखिन्छ।	Embassy of Malaysia ले कार्यकारी निकाय सरह नेपालमा रहेका व्यक्ती वा संस्थालाई सिधै यसो गर उसो गर भनि पत्राचार गर्न मिल्ने नमिल्ने सो को आधिकारिकता पुष्टी गरी, PAN मा दर्ता भएका स्वास्थ्य संस्थाले के कुन कानूनी आधारमा रू ३१६४ VAT बिल लिन पाउने हो सो बिषयमा विस्तृत अनुसन्धान गरी Macro Tech Company ले VAT बिलको नाममा मलेसिया जाने कामदारहरुबाट ठगी गरी लिएको रकमको सम्बन्धमा विस्तृत अनुसन्धान गर्नु पर्ने।
७	मेनपावर कम्पनीले वैदेशिक रोजगारमा जाने कामदारलाई विस्तृत रुपमा नबुझि सुरुमा नै मेनपावरमा आउनें वित्तिकै पुर्व स्वीकृती अनुसार अन्तर्वाता र छनौट नभई स्वास्थ्य परीक्षण गर्न मेडिकलमा पठाउने गरेको एकै व्यक्तिलाई पटक-पटक स्वास्थ्य परीक्षण गराउन लगाई विल भरपाई एक पटकको मात्र दिई स्वास्थ्य संस्था र मेनपावर कम्पनीले मिलेमतोमा रकम असुल गर्ने नियतले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई संगठित रुपमा ठगी गर्ने गरेको।	यसरी मेनपावर र स्वास्थ्य संस्थाको मिलेमतोमा संगठित रुपमा ठगी गरेको सम्बन्धमा ठगी तथा संगठीत अपराधको अनुसन्धानको लागी केन्द्रिय अनुसन्धान व्युरो लाजिम्पाट पठाउने।
८	साउथ एसिएन मेडिकल सेन्टर प्रा.लि. धुम्बाराही काठमाडौँले गलत स्वास्थ्य परिक्षण प्रतिवेदन बनाई मलेसियाबाट अनफिट भई फिर्ता भएको र सो अनुसारको क्षतिपुर्तिको लागी स्वास्थ्य संस्थामा जादाँ आलटाल गरि डर त्रास दिई रकम फिर्ता समेत नगरेको भनि जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं.११ बस्ने बर्ष ३९ को अनिरुद्द प्रसाद वरईको निवेदन समेत यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।	यसमा थप अनुसन्धान तथा कारबाहीको लागी सम्बन्धित निकायमा पठाउने।

OPPO Reno12 F
26mm f/1.8 1/50s ISO80

१२	मलेसिया रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणमा बायोमेडिकल प्रणाली लगाउने भनि नेपाल स्वास्थ्य व्यवसायी महासंघका तत्कालीन अध्यक्ष प्रविन तिवारी र बरिष्ठ उपाध्यक्ष कैलाश खड्काले ठगीको संजाल बनाई २०७० सालमा मलेसियाको BESTINET SDN BHD संग सम्झौता (MOU) गरि सोही सम्झौता व्यवसायीहरुलाई देखाई यो सिस्टम अनुसारको मेडिकल संरचना बनाउनेले मात्र मलेसियाको मेडिकल गर्न पाउँछ भनि संगठित रुपमा ठगी गरिरहेका छन भनि सुनापती पोलिक्लिनिक एण्ड हेल्थ सेन्टरका संचालक जिवन कुमार के.सी. र माईक्रोटेक प्रा.ली.का संचालक मुकुन्द भट्टराई समेत ले आवश्यक कारवाहीका लागी पेश गरेको निवेदन समेत यसै प्रतिवेदन साथ संलग्न रहेको छ।	यसमा ठगी ,संगठित अपराध तथा सम्पत्ति शुद्दीकरणको लागी नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्युरोमा पठाउने।
१३	कैलाश खड्का र प्रविण तिवारी समेतको मिलेमतोमा विभिन्न स्वास्थ्य संस्था तथा कम्पनि खडा गरी वैदेशिक रोजगारीमा जाने लाखौ नेपालीहरूलाई ठगी गरेको भनि मदन पुर्बेको निवेदन यसै प्रतिवेदन साथ संलग्न गरिएको छ सो सम्बन्धमा समेत बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिन्छ।	यसमा ठगी, संगठित अपराध तथा सम्पत्ती शुद्दीकरणको लागी नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्युरोमा पठाउने।
१४	मिति २०७३ सालमा कैलाश खड्काको नाममा कैलाश विकास बैंक लि.ले कर्जा चुक्ता भुक्तानि गर्ने भनि ३५ दिने सुचना समेत निकालेको पत्रको प्रतिलिपि प्रतिवेदन साथ संलग्न छ।	उक्त समयमा कैलाश विकास बैंकको रु ४,५४,८५२।८० पैसा रकम चुक्ता गर्न नसक्ने व्यक्तिको हाल विभिन्न स्थानमा चल अचल सम्पत्ति जोडेको तथा ४ वटा भन्डा वढी मेडिकल सेन्टरहरू संचालन गरेको साथै अस्वाभाविक जिवन यापन गरेको र निजले अस्वभाविक रुपमा सम्पत्ति कमाएको भन्ने बुझिएकोले निज र निजले सम्पत्ति शुद्धीकरण गर्ने नियतले लुकाई छिपाई अन्य आफन्त नातागोता साथी भाई समेतको नाममा समेत सम्पत्ति जोडेको हुन सक्ने भएकोले सो तर्फ विस्तृत अनुसन्धान गर्न सम्बन्धित निकायमा पठाउने।
१५	वैदेशिक रोजगारमा जाने कामदारलाई गाम्का नेपाल(साउदी अरेविया, बहराईन, ओमन), मलेसिया, ईजरायल, जापानको नाममा विभिन्न स्वास्थ्य संस्थाले सिन्डिकेट खडा गरी ठगी गरिरहेको भनि	यसरी ठगी गर्ने नियतले तयार गरिएको सिन्डिकेटमा संलग्न उपर विस्तृत अनुसन्धानको लागी सम्बन्धित निकायमा पठाउने।

OPPO Reno12 F
26mm f/1.8 1/50s ISO80

	नेपाल मेडिकल व्यवसायी संघले आवश्यक कारबाहीको लागी दिएको निवेदन समेत यसै प्रतिवेदन साथ संलग्न छ।	
१६	कैलाश खड्का, धन बहादुर गिरी र रबिन्द्र के.सीले सिनामंगल स्थितमा रहेको Crystal Diagnostic Center भएको भवनमा Malaysian Visa Center संचालन गरी मलेसियन दुतावासले भिषा शुल्क रू ७०० मात्र लिने गरेकोमा निजहरूले मलेसिया जाने कामदारबाट रू ७७०० लिने गरेको गुनासो समेत प्राप्त हुन आएको।	सो सम्बन्धमा अनुगमनको क्रममा बुझ्दा मलेसियन भिषा सेन्टरले भिषा शुल्क रू ७७०० लिने गरेको र यसको कानूनी आधार र निजहरूले लिएको रकमको बिल भरपाई, र निजहरू करको दायरमा आए नआएको, यसरी वैदेशिक रोजगारमा जाने कामदारलाई ठगी गरेको हुदाँ सो तर्फ विस्तृत अनुसन्धान गर्न सम्बन्धित निकायमा पठाउने।
१७	BESTINET SDN BHD कम्पनिले नेपालको सुनापती पोलिक्लिनिक सेन्टर प्रा.लि. लगायत अन्य स्वास्थ्य संस्थालाई बायो मेडिकल उपकरण Dermalog Fingerprint Scanner, CPU, Monitor, Printer, Webcam, FWCMS Software बापत USD 5000, Refundable Deposit USD 2000 र Service Fee USD 1000 गरी जम्मा USD 8000 मा सिस्टम बिक्री गरेको र दुबै पक्ष विचमा सो अनुसारको सम्झौता समेत भएको कागजात बाट देखिएको तर मलेसियन दुतावासले Service Charge for Bio Medical Service in Nepal भनि लेखेको पत्रमा उल्लेखित रकम रू ३१६४ को बारेमा कहि कतै कुनै सम्झौतामा उल्लेख नभएको,	दुबै कम्पनि बिचमा भएको सम्झौता बमोजिम Refundable Deposit भनि लिएको USD 2000 हाल सम्म फिर्ता नगरेको, नेपालको कम्पनिले बिदेशी कम्पनिसंग संम्झौता गर्दा नेपाल सरकारलाई कुनै पनि जानकारी समेत नदिएको भन्ने बुझिएको यसरी संगठीत रुपमा ठगी गर्ने कार्यमा संलग्न उपर विस्तृत अनुसन्धान गर्न नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्युरो काठमाडौँमा पठाउने।
१८	BESTINET SDN BHD कम्पनि र सुनापति पोलिक्लिनिक प्रा.लि. बिचमा सन् २०१४ मे १५ मा सामान खरिद बिक्री गरी सम्झौता भएको यसै गरी अन्य ३६ वटा स्वास्थ्य संस्था संग पनि सम्झौता भएकोमा एकाएक बि.स. २०७५ साल फागुन ०६ गतेमा Macro Tech कम्पनि खडा गरी प्रति कामदारको रू ३१६४ रुपैया लिने गरेकोबाट संगठित रुपमा कम्पनि खडा गरी आफु बिभिन्न निकायहरूलाई आफु अनुकुलका पत्रहरू लेख्न लगाई अरबौको ठगी गरेको देखिएको।	Macro Tech कम्पनि खडा गर्नुको उद्देश्य देखिने अनुसन्धान गरी ठगीमा संलग्नहरूलाई कानूनी दायरामा ल्याउन थप अनुसन्धानको लागी नेपाल प्रहरी केन्द्रिय अनुसन्धान व्युरोमा पठाउने।

संलग्न कागजात/फायल

१) माथि उल्लेखित ३६(छत्तिस) वटा स्वास्थ्य संस्थाको छुट्टाछुट्टै प्रतिवेदन सहितको फायल थान ३६।

२) मिति २०८२।०९।२० गते जिवन कुमार के.सी र लक्ष्मण लिम्बु सुब्बाले बायो मेडिकल सिस्टम सुचारू गरी पाउँ भनि पेश गरेको संयुक्त निवेदन र सो संलग्न कागजात पाना ५५।

OPPO Reno12 F
26mm f/1.8 1/50s ISO80